| | |
|---|---|
| ऐनसंख्या :- | १ |

# चौविसे गाउँपालिकाको आर्थिक ऐन, २०८१

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०८१/०३/१० |

चौविसे गाउँपालिका

धनकुटा जिल्ला

कोशी प्रदेश, नेपाल

## प्रस्तावना:

चौविसे गाउँपालिकाको अर्थ व्यवस्थालाई मजवुद पारी भविष्यमा दिगो आर्थिक विकास गर्नका निमित्त एकृकित सम्पति कर, स्थानीय कर, शुल्क,दस्तुर र जरिवानासमेतसंकलन गर्न, छुट दिन तथा अन्य आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२)र धारा–२३० तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को खण्ड (ङ) बमोजिम चौविसे गाउँ सभाले यो ऐन वनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस ऐनको नाम "चौविसे गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ।
(२) यो ऐन २०८१।०४।०१ गतेदेखि नै चौविसे गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

२. सम्पति करः- चौविसे गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर (एकिकृत सम्पत्ति कर)लगाइ असूल उपर गरिनेछ।

३. घर/जग्गा वा लिखत रजिष्ट्रेशन पारित शुल्कः- यस गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्ति वा कुनै प्रकारको लिखत रजिष्ट्रेशन पारित गर्दा अनुसूचि (२) बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असूल उपर गरिनेछ।

४. घर वहाल करः-चौविसे गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति, संस्था वा निकायले घर, पसल, भवन, सामुहिक बस्ती वा ब्यापारिक भवन,ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वा अन्य कुनै तवरले आम्दानी हुने गरी वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. ब्यवसाय करः- चौविसे गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापना भएका उद्योग,कुनै ब्यापार, ब्यवसाय वा सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने वा निकायलाई ब्यवसायको प्रकृति,आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसूचि (४) बमोजिम ब्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. बन पैदावर जन्य उत्पादन,जडिबुटी, कवाडी र जीवजन्तु र गिट्टीढुङ्गा बालुवा/माटो करः-यस चौबिसे गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति,संस्था वा निकायले खोटो, जडिबुटी, बनपैदावर जन्य उत्पादन, गिट्टीढुङ्गा बालुवा/माटो, वनकस, कवाडी माल,ऊनर अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, खुर,प्वाँख, छाला, दारा/दात र अखेटोपहार जस्ता बस्तुको ब्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लेखित ब्यवस्था लागू हुने छैन।

७. ट्राभल/ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर,होमस्टे र र्‍याफ्टीङ्ग शुल्कः- यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रभल/ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर,होमस्टे र र्‍याफ्टीङ्गसेवा वा ब्यवसाय सञ्चालन गरेवारत अनुसूचि (६) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

८. पर्यटन शुल्कः- यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (७) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

९. बहाल बिटौरी शुल्कः-यस गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक, ऐलानी, पर्ती वा पाटीपौवामा हाटवजार वा पसल वा विशेष मेला पर्व जत्रामा सोही अनुसूचि (८) मा भएको ब्यस्था अनुसार वहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. सवारी साधन करः- यस गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (९) बमोजिम सवारी साधन कर तथा तोकिएको स्थानमा सवारी पार्किङ्ग शुल्क वा कर लगाइने र असुल उपर गरिनेछ।

११. मनोरन्जन करः- गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन ब्यवसाय सेवामा अनुसूचि (१०) बमोजिम ब्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

१२. विज्ञापन करः-यस गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (११) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

१३. सेवा शुल्क, दस्तुरः-यस गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. कर छुटः- यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति, संस्था वा निकायहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१५. जरिवानाः- यस गाउँ पालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक फुटपाथमा ब्यापार ब्यवसाय गर्ने सवारी साधन पार्किङ्ग गर्ने वा जथाभावी फोहरमैला गरी वातावरण प्रदुषित गर्ने तथा प्रचलित कानून विपरितका कुनै पनि कार्य गरे गराएमा अनुसूचि (१३) बमोजिम जरिवाना असूल गरिनेछ।

१६. नियम वा कार्यविधि बनाउँन सक्नेः-यस गाउँपालिकाले यो ऐनमा भएको ब्यवस्थाहरुलाई प्रभावकारीकार्यान्वयन गर्नका लागि आवश्यक नियम तथा कार्यविधिहरु निर्माण लागू गर्न सक्ने छ।

१७. विविध : यस ऐनमा उल्लेख नभएको विषाय/क्षेत्रको सन्दर्भमा गाउँकार्यपालिकाको वैठकले निर्णय गरेर दर निर्धारण गरिने छ ।

१८. बाँझिएको हदमाः- संविधान बमोजिम संघ तथा प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ। यस ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

अनुसूचि-१

दफा (२) सँग सम्बन्धित

घरजग्गा कर (एकिकृत सम्पत्ति कर)

**एकिकृत सम्पति करको मुल्यंकनको आधारः**

| सि.नं. | घरको प्रकार | व्यापारिक क्षेत्रमा प्र.व.फिट | आवाशिय क्षेत्रमा प्र.व.फिट |
|---|---|---|---|
| १. | आर.सि.सि घर | ५००।० | ३००।० |
| २. | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको भार वहन क्षमता भएको ग्राहो | ४००।० | २००।० |
| ३. | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको ग्राहो भएको जस्ता वा टालीको छाना | ३००।० | १५०।० |
| ४. | काठको खम्बा र इटाले घेरेको वा जस्ताको वारा र छाजा भएको, जस्ता वा टालीको छाना भएको घर | २००।० | १००।० |
| ५. | काठैकाठबाट बनेको जस्ताको छाना भएको घर | १५०।० | ७५।० |
| ६ | बासको बेरा भएको टिन बा टाली वा खरको छाना भएको घर | १००।० | ५०।० |
| ७. | ढुंगा वा इँटाको पर्खाल प्रति रनिङफिट रु. | ५०।० | ३०।० |

| करयोग्य संम्पत्तिको मूल्य | दर रु.(वार्षिक) |
|---|---|
| एक लाख सम्मको करयोग्य सम्पत्तिको लागी | ५०।०० |
| एक लाख भन्दा माथि १० लाख सम्मको प्रति लाख थप | १५।०० |
| दश लाख माथि २० लाख सम्मको प्रति लाख | २०।० |
| वीस लाख भुन्दा माथि ३० लाख सम्मको प्रति लाख | २५।० |
| तीस लाख भन्दा माथि ४०लाख सम्मको प्रति लाख | ३०।० |
| चालिस लाख माथिपचासलाख सम्मको प्रति लाख | ३५।० |
| पचास लाख माथि ६०लाख सम्मको प्रति लाख | ४०।० |
| ६० लाख माथिसत्तरी लाख सम्मको प्रति लाख | ४५।० |
| सत्तरी लाख माथिअसी लाख सम्मको प्रति लाख | ५५।० |
| असी लाख नव्वे लाख सम्मको प्रति लाख | ६५।० |
| नव्वे लाख माथि एक करोड सम्मको प्रति लाख | ७५।० |
| एक करोड देखीमाथि एक करोड पचास लाख सम्मको प्रति लाख | १००।० |
| एक करोड पचास लाख देखीदुई करोड सम्मको प्रति लाँख | १५०।० |
| दुई करोड माथि २ करोड ५० लाख सम्मको प्रति लाख | २००।० |
| २ करोड ५० लाख माथि ३ करोड सम्मको प्रतिलाख | ३००।० |
| तिन करोड माथि चार करोड सम्मको प्रतिलाख | ४००।० |
| चार करोड एक देखी पाँच करोड सम्मको प्रतिलाख | ५००।० |
| पाँच करोड एक देखी माथि प्रति लाख | १०००।० |

यसमा व्यवस्था भएको मुल्याङ्कन दर यसै बमोजिम र गत आ.ब.हरुको हकमा समेत यसै मुल्याङ्कन दरको आधारमा कर निर्धारण गरिनेछ।

१. चौबिसे गाउँपालिका क्षेत्रभित्र एक ब्यक्तिको नाममा दर्ता भएको घर तथा जग्गाहरु समेतलाई एक यूनिट मानि कर निर्धारण गरिनेछ।

२. घर जग्गा मुल्याङ्कनको लागि जग्गाको क्षेत्रफल १ रोपनी सम्म भएमा सम्पूर्ण जग्गा घरजग्गा कर निर्धारणमा समावेश गर्ने सो भन्दा बढि क्षेत्रफल भएको हकमा भवन वा घरले चर्चेको क्षेत्रफलको दुई गुणासम्मको जग्गामात्र मुल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिनेछ।

३. जुनसुकै प्रकारबाट घर जग्गाको हक हस्तान्तरण हुँदा गाउँपालिकाले गरेको मुल्याङ्कन भन्दा लिखतको मुल्य घटी गरी कर निर्धारण गरिने छैन। गाउँपालिकाले गरेको मुल्याङ्कन भन्दा बढी भएको खण्डमा नगर सभाले स्वीकृत गरेको दरको आधारमा घरजग्गाको मुल्याङ्कन गरी कर निर्धारण गरिनेछ।

४. भवन निर्माणको स्थलगत अवस्थालाई आधारमानी घरजग्गा कर निर्धारण गरिनेछ। घरजग्गा कर निर्धारण गर्दा देहायमा उल्लेखित कागजातहरु सम्लग्न गर्नु पर्नेछः-

क. जग्गाधनी दर्ता प्रमाण पूर्जा-१

ख. नापी नक्साका प्रतिलिपि-१

ग. दर्तावालाको नागरिकताको प्रमाणपत्र-१

घ. कुनै निकायबाट प्राप्त भएका विशेष प्रकारका निस्सा वा प्रमाण भएमा सो को प्रतिलिपि कागजहरु-१

५. भवन निर्माणको स्थलगत अवस्थाको आधारमानी घरजग्गा कर निर्धारण गरिनेछ।

(क) जग्गाको मुल्य प्रतिरोपनी: (साविकमा कायम रहेका गा.वि.स.हरुका वडा नं.हरुको छुट्टा छुट्टै हुने गरी मुल्याङ्कन तय गरिएको)

| चौविसे गाउँपालिका १ नं. वडा कार्यालय बुधबारे | | | |
|---|---|---|---|
| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
| १ | सौरे बजार भित्रका आसपासका जग्गाहरु | ९,००,०००।०० | |
| २ | पाङ्मी चौक बाटो आसपासका जग्गाहरु | २,७५,०००।०० | |
| ३ | ठयाङ चौक बाटो आसपासका जग्गाहरु | २,७५,०००।०० | |
| ४ | पोखरी बाटो आसपासका जग्गाहरु | ६,७५,०००।०० | |
| ५ | बुधवारे बजार आसपासका जग्गाहरु | १६,७५,०००।०० | |
| ६ | बुधवारे मुख्य बजार भित्रका जग्गाहरु | ५०,००,०००।०० | |
| ७ | लेटाङ रवि जाने बाटो आसपासका जग्गाहरु | ११,७५,०००।०० | |
| ८ | सौरे फेदावजुङ्ग हुदै भुते दह जाने बाटो आसपासका जग्गाहरु | १,१२,५००।०० | |
| ९ | सोरे फेदावजुङ्ग भित्रका जग्गाहरु | ५०,०००।०० | |
| १० | साविक ५,६,७,८ हुने बाटोका आसपासको जग्गाहरु | १,१२,५००।०० | |
| ११ | साविक ५,६,७,८ भित्रका जग्गाहरु | १८,७५०।०० | |
| १२ | साविक ३,४ आसपास रिङ्गरोडका जग्गाहरु | २,००,०००।०० | |
| १३ | गुरुङ गाउँ गडेरे भित्रका जग्गाहरु | १,००,०००।०० | |
| १४ | कुनै पनि सडकले नछोएका खेती पाखा बारी जग्गाहरु | ५०,०००।०० | |
| १५ | घडेरी प्रयोजनका लागि प्लटिङ्ग गरीएका जग्गाहरु | ११,२०,०००।०० | |

| चौविसे गाउँपालिका २ नं. वडा कार्यालय मुढेवास | | | |
|---|---|---|---|
| सि.नं. | विवरणत्र | कायम हुन आएको प्रति रोपनीकरयोग्य मुल्य | कैफियत |
| १ | भेडेट्पर राजारानी ६ नं. बुधवारे सडकले छोएका जग्गाहरु ३० मिटर भित्र | ६,००,०००।०० | |
| २ | भेडेटार राजारानी ६ नं. बुधवारे सडकले नछोएका जग्गाहरु | १,००,०००।०० | |
| ३ | लाप्से टोकोम्वा कुरुलेतेनुपा सडकले छोएका जग्गाहरु ३० मिटर भित्र | ३,००,०००।०० | |
| ४ | लाप्से टोकोम्वा कुरुलेतेनुपा सडकले नछोएका जग्गाहरु | ४,००,००।०० | |
| ५ | अन्य शाखा सडकले छोएका जग्गाहरु | ५५,०००।०० | |
| ६ | कुनै पनि सडकले नछोएका खेती योग्य अन्य जग्गाहरु | ३०,०००।०० | |
| ७ | कुनै पनि सडकले नछोएका पाखा वारी अन्य जग्गाहरु | १०,०००।०० | |
| ८ | शुक्रवारे बजार देखि प्रहरी चोकीको नयाँ भवन सम्मका जग्गा | १०,००,०००।०० | |
| ९ | टोक्रोम्वा-शुभकामना-भिरगाउँ सडक आसपासका जग्गाहरु | ३००००।०० | |
| १० | लाफा चोक मुख्य बाटोको ३० मिटर भित्रका जग्गा | १०,००,०००।०० | |



CamScanner

## चौविसे गाउँपालिका ३ नं. वडा कार्यालय कुरुले तेनुपा

| सि.नं. | विवरणत्र | कायम हुन आएको प्रति रोपनीकरयोग्य मुल्य | कैफियत |
|---|---|---|---|
| १ | लाप्से टोकोम्बा कुरुले सडकको मुखले छोएका ३० मिटर भित्रका (गढि गाउँ र सहकारी क्षेत्रका जग्गाहरु) | २,००,०००।०० | |
| २ | लाप्से टोकोम्बा कुरुले सडकको मुखले छोएका बांकी स्थानका जग्गाहरु | ६०,०००।०० | |
| ३ | लाप्से टोकोम्बा कुरुले सडकको मुखले नछोएका जग्गाहरु | २०,०००।०० | |
| ४ | ठुली भञ्जाङ्ग सोगुम गढीगाउँ सडकले छोएका जग्गाहरु | ५०,०००।०० | |
| ५ | सबै वडाका ग्रामिण सडकले छोएका जग्गाहरु | ३०,०००।०० | |
| ६ | कुनै पनि सडकले नछोएका खेती योग्य अन्य जग्गाहरु | १०,०००।०० | |
| ७ | कुनै पनि सडकले नछोएका पाखा वारी अन्य जग्गाहरु | १०,०००।०० | |
| ८ | बन्दुकेडाँडा आसपासका जग्गाहरु | ५०,०००।०० | |

## चौविसे गाउँपालिका ४ नं. वडा कार्यालय कुरुलेतेनुपा

| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
|---|---|---|---|
| १ | तमोर कोरिडोर सडकले छोएको फलामेटार र डिहिटारका३० मिटर भित्रका जग्गाहरु | १५,००,०००।०० | |
| २ | तमोर कोरिडोर सडकले छोएको फलामेटार र डिहिटारका ३० मिटर वाहिरका जग्गाहरु | ३,००,०००।०० | |
| ३ | तमोर कोरिडोर सडकले छोएको भैंसेका ३० मिटर भित्रका जग्गाहरु | ३,००,०००।०० | |
| ४ | भैंसे क्षेत्रका सडकले नछोएका जग्गाहरु | ३०,०००।०० | |
| ५ | फलामेटारको सिंचाई नहुने जग्गाहरु | १,००,०००।०० | |
| ६ | सिस्ने कुरुले यावरा दोभान सडकले छोएका जग्गाहरु | ३०,०००।०० | |
| ७ | मानेडांडाको १०० मिटर आसपासका जग्गाहरु | ३०,०००।०० | |
| ८ | मानेडांडा १०० मिटर वाहिरका थर्पु सम्मका जग्गाहरु | २०,०००।०० | |
| ९ | वडा भित्रका ग्रामिण सडकले छोएका/नछोएका खेतीयोग्य सवै जग्गाहरु | १५,०००।०० | |
| १० | डिहिटार मुनी छव्विसे खेतीयोग्य जग्गाहरु | ५०,०००।०० | |
| ११ | भिर पाखा | १०,०००।०० | |
| १२ | शुक्रबारे कुरुले फलामेटार सडक आसपासका जग्गाहरु | ३०,०००।०० | |
| १३ | मानेडाँडा डिहिटार सडक आसपासका जग्गाहरु | ३०,०००।०० | |

अध्यक्ष



CamScanner

| चौविसे गाउँपालिका २ नं. वडा कार्यालय बोधे | | | |
|---|---|---|---|
| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
| १ | मौनाबुधुक बोधे कृषि सडकले छोएका (सिमाना चोक देखि चौवाटे सम्मका ३० मिटर भित्रका) जग्गाहरु | ३,००,०००।०० | |
| २ | बोधे डाडाँगाउँ बज्रमाई हंस मोरङ्ग सडकले छोएका (पिपलडांडा देखि भक्त देवानको घर सम्मका) ३० मिटर भित्रका जग्गाहरु | ४,००,०००।०० | |
| ३ | बज्रमाइ मावि आसपासका १०० मिटर भित्रका र रेडक्रस देखि ढुङ्गानाको घर छेउको खोल्सि सम्मका जग्गाहरु | १,५०,०००।०० | |
| ४ | तमोर कोरिडोर सडकले छोएका मुर्कुटे देखि हंशमोरङ्ग सम्मका ३० मिटर क्षेत्रभित्रका जग्गाहरु | १५,००,०००।०० | |
| ५ | तमोर कोरिडोर सडकले छोएका वांकी खेतीयोग्य जग्गाहरु | २,००,०००।०० | |
| ६ | चौवाटे देखि तामाङ्ग गाउँ सम्मका सडकले छोएकाजग्गाहरु | २,००,०००।०० | |
| ७ | डांडाखर्क देखि बज्रमाई सम्मका सडकले छोएका जग्गाहरु | १,००,०००।०० | |
| ८ | चौवाटे लातप्पा सिस्ने सडकले छोएका (चौवाटे देखि लक्ष्मि याखाको घर सम्मका जग्गाहरु) | ५०,०००।०० | |
| ९ | चौवाटे देखि सिमडांडा जाने सडकले छोएका जग्गा | ५०,०००।०० | |
| १० | हमेला आहाल देखि डेडराज वनको घर सम्मका जग्गाहरु | २,००,०००।०० | |
| ११ | हमेला आहाल देखि घिमिरे टोल जाने वाटो (साधुको घर सम्मका) ले छोएका जग्गाहरु | १,५०,०००।०० | |
| १२ | हमेला आहाल देखि साम्पाङ्गे टोल सम्मका सडकले छोएका जग्गाहरु | ५०,०००।० | |
| १३ | हमेला आहाल देखि वडा कार्यालय आउने सडकले छोएका जग्गाहरु | ५०,०००।० | |
| १४ | अन्य ग्रामिण शाखा सडकले छोएका जग्गाहरु | ३०,०००।० | |
| १५ | सडकले नछोएका खेतीयोग्य जग्गाहरु | १५०००।० | |
| १६ | सडकले नछोएका भिर पाखा वगर जग्गाहरु | ७०००।० | |

| चौविसे गाउँपालिका ६ नं. वडा कार्यालय राजारानी | | | |
|---|---|---|---|
| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
| १ | मेन सडकले मुख छोएको ३० मिटर आसपासका हात्तिटार देखि ढुसेनी घुम्ति सम्मका जग्गाहरु | १२,००,०००।०० | |
| २ | मेन सडकले मुख छोएको ३० मिटर वाहिरका हात्तिटार देखि ढुसेनी घुम्ति सम्मका जग्गाहरु | ५,००,०००।०० | |
| ३ | ढुसेनी देखि मिलन चोक आसपासका १०० मिटर वाहेकका जग्गाहरु | ७,००,०००।०० | |
| ४ | मिलन चोक आसपासका १०० मिटर क्षेत्रभित्र जग्गाहरु | १५,००,०००।०० | |
| ५ | इ.प्रहरी कार्यालय छेउको कल्भर्ट देखि राजारानी ताल बाधस्थल सम्मको ३० मिटर भित्रका जग्गाहरु | ५०,००,०००।०० | |
| ६ | राजारानी ताल बाधस्थल देखि सेल्फीडांडा जाने वाटो छोएको ३० मिटरका जग्गाहरु | ३०,००,०००।०० | |
| ७ | सेल्फीडाँडा देखि ओखरबोट सम्मका ३० मिटर भित्रका जग्गाहरु | २५,००,०००।०० | |
| ८ | भुंडे चोक देखि इ.प्रहरी कार्यालय छेउको कल्भर्टसम्म ३० मिटर भित्रका जग्गाहरु | २०,००,०००।०० | |
| ९ | ओखरवोट देखि थाप्रोङ सम्मका मेन सडकले छोएका जग्गाहरु | ५,००,०००।०० | |
| १० | थाप्रोङ्ग र कोर्णा बजार १०० मिटर आसपासका जग्गाहरु | ७,००,०००।०० | |
| ११ | भुंडे चोक देखि धाराचोक ओखरवोटे सम्मका मेन सडकले छोएका ३० मिटर वाहिरका जग्गाहरु | ८,००,०००।०० | |
| १२ | मिलनचोक देखि कटुवाल गाउँ हुदै धाराचोक सम्मका रिङ्ग रोडले छोएका ३० मिटर भित्रका जग्गाहरु | १०,००,०००।०० | |
| १३ | वडा भित्रका अन्य शाखा सडकले छोएका जग्गाहरु | ३,००,०००।०० | |
| १४ | वडा भित्रका अन्य शाखा सडकले नछोएका खेतीयोग्य जग्गाहरु | २,००,०००।०० | |
| १५ | माथि उल्लेख गरिए वाहेकका भिर पाखा जग्गाहरु | ५०,०००।०० | |
| १६ | धाराचोक अठारसय सडकले छोएका ३०० मिटर लम्बाई सम्मका जग्गाहरु | १०,००,०००।०० | |
| १७ | धारा चोक देखि वाराही मन्दिर भित्र ३०० मिटरका जग्गाहरु | १०,००,०००।०० | |
| १८ | चौविसे लोकमार्गले छोएका जग्गाहरु | ५,००,०००।०० | |

| चौविसे गाउँपालिका ७ नं. वडा कार्यालय मौनाबुधुक | | | |
|---|---|---|---|
| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
| १ | मौनाबुधुक वजार क्षेत्रका मुल सडकले छोएका ३० मिटर क्षेत्र भित्रका जग्गाहरु | २०,००,०००।०० | |
| २ | राजारानी-वुधुक सडकले छोएका ३० मिटर भित्रका सवै जग्गाहरु | ३,००,०००।०० | |
| ३ | चौविसे मध्य सडक, धाराचोक गिद्धे अठारसय सडक, बुधुक सिस्ने कुरुले सडक, चांदनी चोक पुस्तके सडकले छोएका ३० मिटर क्षेत्र भित्रका जग्गाहरु | २,००,०००।०० | |
| ४ | वडा भित्रका अन्य सवै शाखा सडकले छोएका ३० मिटर सम्मका जग्गाहरु | १,५०,०००।०० | |
| ५ | सडकले छोएका वा नछोएका कृषियोग्य जग्गाहरु | १,००,०००।०० | |
| ६ | सडकले छोएका वा नछोएका पाखावारी जग्गाहरु | २५,०००।०० | |
| ७ | सडकले छोएका वा नछोएका खोला वगर र पहिरोका जग्गाहरु | १०,०००।०० | |
| ८ | बेसीको धान खेती योग्य जग्गा | ३,००,०००।०० | |



CamScanner

| चौविसे गाउँपालिका ८ नं. वडा कार्यालय वसन्तटार | | | |
|---|---|---|---|
| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
| १ | ठाडाँगाउँ र लाफा चोकका मेन सडकले छोएका ३० मिटर भित्रका जग्गाहरु | १०,००,०००।०० | |
| २ | सम्मेवा वजार आसपासका वजार देखि खोलिटार सम्मका ३० मिटर भित्रका जग्गाहरु | १५,००,०००।०० | |
| ३ | आइतवारे वजार आसपासका एस पि मोड देखि भञ्ज्याङ्ग सम्मका जग्गाहरु | १०,००,०००।०० | |
| ४ | अठारसय वजार आसपासका ३०० मिटर भित्रका जग्गाहरु | १०,००,०००।०० | |
| ५ | वडा कार्यालय आसपासका १०० मिटर भित्रका सुडकको मुख देखि ३० मिटर सम्मका जग्गाहरु | ५,००,०००।०० | |
| ६ | सारतोपा चोकको १०० मिटर भित्रका जग्गाहरु | ४,००,०००।०० | |
| ७ | मासिम्टार सडकले छोएका ३० मिटर भित्रका जग्गाहरु | ८,००,०००।०० | |
| ८ | मासिम्टार सडकले छोएका ३० मिटर वाहिरका खेतीयोग्य जग्गाहरु | ३,००,०००।०० | |
| ९ | लाफा चोक आमडाडाँ सडकले छोएका साविक ९ नं. का जग्गाहरु | १,००,०००।०० | |
| ९ | अठारसय लांगर्चे र भञ्ज्याङ्ग सडकले छोएका सवै जग्गाहरु प्रति रोपनी रु.१,००,०००।- र वांकी सवै जग्गाहरु | ५०,०००।०० | |
| १० | अठार सय कुमाल फांट जाने सडकले छोएका जग्गाहरु | ३,००,०००।०० | |
| ११ | अठार सय कुमाल फांट जाने सडकले नछोएका खेतीयोग्य जग्गाहरु | १,००,०००।०० | |
| ११ | खेती योग्य अन्य जग्गाहरु | ८०,०००।०० | |
| १२ | पाखा वारी अन्य जग्गाहरु | ३५,०००।०० | |
| १३ | खोला वगर र भिर | १०,०००।०० | |

CamScanner

अनुसूचि-२
दफा (३) सँग सम्बन्धित

घर/जग्गा वा लिखत रजिष्ट्रेशन पारित शुल्कको दर रेट

चौविसे गाउँपालिकाको घर/जग्गा वा लिखत रजिष्ट्रेशन पारित शुल्क आवश्यकता र अवस्था अनुसार हेरी गाउँपालिकाले निर्णय गरि तोकिए बमोजिम हुनेछ ।

अनुसूचि-३
दफा (४) सँग सम्बन्धित

घर जग्गा वहाल करको दर रेट

चौविसे गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति, संस्था वा निकायले घर, पसल, भवन, सामुहिक बस्ती वा ब्यापारिक भवन,ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वा अन्य कुनै तवरले आम्दानी हुने गरी वहालमा अंङ्कको १० प्रतिशका दरले बहाल कर लाग्नेछ। सँगठित संघसंस्था, कम्पनी,कार्यालय वा यसै प्रकृतिका अन्यले बहालमा बसे वापत बहाल रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टा गरी दाखिला गर्नुपर्नेछ। बहाल कर निर्धारण प्रक्रियाः-

१. बहालमा दिएको मितिलाई आधार त्रैमासिक,अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिंई बहाल कर बुझाउनु पर्नेछ। तर छोटो अवधिको लागि बहालमा लिएको अवस्थामा सोही बमोजिम दिन/महिना गन्ती गरी बहाल कर बुझाउँनु पर्नेछ।
२. वस्ती तथा बजार क्षेत्रको आधारमा चौविसे गाउँपालिकाकोगाउँ कार्यपालिकाले न्यूनतम वहाल दर तोक्न सक्नेछ।
३. चौविसे गाउँपालिकाकोगाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ।
४. कम्पनी, संघ संस्था वा कुनै प्रकारको ब्यवसायिक फर्मको हकमा बहाल कर बुझाउने वखत त्यस्ता करदाताहरुको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

अनुसूचि-४
दफा (५) सँग सम्बन्धित

ब्यवसाय करको दर रेट

पूजीको आधारमा:

१. व्यापारिक वस्तूहरूसित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण

(क) चुरोट तथा मदिराजन्य पदार्थ, हार्डवेयर र ज्वेलर्स संग सम्बन्धित बस्तुहरुको व्यापार व्यवसाय ( मदिरा र कोल्ड ड्रिंक्स सहितको किराना पसल समेत)

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि |
|---|---|---|
| १. | १ लाख देखि ५ लाख सम्म | ३००।० |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ५००।० |
| ३. | १० लाख १ देखि २०लाख सम्म | १०००।० |
| ४. | २०लाख देखि ४० सम्म | २०००।० |
| ५. | ४०लाख १ देखि माथी १ करोड सम्मको | ५०००।० |
| ६. | १ करोड माथि पूंजी भएको व्यवसायको लागि | ८०००।० |

अध्यक्ष

(ख) क्यामेरा, टेलीभिजन, मोवाईल, बत्ती लगायतका विद्युतिय सामाग्री (सिडी प्लेयर्स, कम्प्यूटर सामाग्री समेतका व्यवसायहरू)

| सि.न. | विवरण | आ.व. २०८१/८२ लागि |
|---|---|---|
| १. | ५ लाख सम्म | ५००। |
| २. | ५ लाख १ देखि २० लाख सम्म | ८००। |
| ३ | २० लाख १ देखि १ करोड सम्म | १५००। |
| ४. | १ करोड १ देखि ५ करोड सम्म | ४५००। |
| ६. | ५ करोड १ देखि माथी | ७०००। |

(ग) ट्याक्टर विकी, कार जीप, अटोमोवाइल्स, मोटरपार्टस, मोटरसाईकल, मिल,मेशिनरी, आदि)

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | १ लाख सम्म | ५००। |
| २. | १ लाख १ देखि ५ लाख सम्म | ८००। |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | १३००। |
| ४. | १० लाख १ देखि २० लाख सम्म | २५००। |
| ५. | २० लाख १ देखि १ करोड सम्म | ३६००। |
| ६. | १ करोड १ देखि माथी | ६०००। |

(घ) किताव, कापी तथा स्टेशनरी संग सम्बन्धित व्यवसाय (औषधि पसल र किराना व्यवसाय समेतको हकमा)

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | ५० हजार सम्म | २००। |
| २. | ५० हजार १ देखि १ लाख सम्म | ३००। |
| ३. | १ लाख १ देखि ३ लाख सम्म | ५००। |
| ४. | ३ लाख १ देखि ५ लाख सम्म | ७००। |
| ५. | ५ लाख १ देखि २० लाख सम्म | ११००। |
| ६. | २० लाख १ देखि २५ लाख सम्म | १५००। |
| ७. | २५ लाख १ देखि माथि | २५००। |

(ङ) कृषिसंग सम्बन्धित व्यवसायको हकमा (कृषि फार्म, गाई पालन, सुंगूर पालन, बाखा पालन व्यवसाय आदी । (कृषि सामाग्री, औजार, मल, विउ, गाई दाना, चोकर, कूखूरा दाना, पशूपंक्षी आहार)

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | १ लाखसम्म | २००। |
| २. | १ लाख देखि ३ लाख सम्म | ३००। |
| ३. | ३ लाख देखि ५ लाख सम्म | ५००। |
| ४. | ५ लाख देखि २० लाख सम्म | १२००। |
| ५. | २० लाख देखि माथी | ३०००। |

(च) शिसा, फ्रेमिङ, कार्टपेट, सजावटका सामान र जनरल गूड्स आदी

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | १ लाखसम्म | ३००। |
| २. | १ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ३. | ५ लाख १ देखि १० लाख सम्म | ७००। |
| ४. | १० लाख १ देखि २० लाख सम्म | १२००। |
| ५. | २० लाख देखि माथी । | ३०००। |



CamScanner

(छ) सुति कपडा, रेडिमेड कपडा आदि व्यवसाय

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | १ लाख देखि ३ लाख सम्म | ३००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ३. | ५ लाख १ देखि १५ लाख सम्म | ८००। |
| ४. | १५ लाख देखि ३० लाख सम्म | १२००। |
| ५. | ३० लाख १ देखि १ करोड सम्म | २५००। |
| ६. | १ करोड देखि ५ करोड सम्म | ४५००। |
| ७. | ५ करोड देखि माथि | ७०००। |

## २. विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा दर्ता तथा नवीकरण:

(क)चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आर्यूवेदिक, पशू डाक्टर, भेटरीनरी, सर्जिकल लगायत स्वस्थ्य संग सम्बन्धित व्यवयासहरू

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | एम.डी. डाक्टरलाई | २०००। |
| २. | एम.वि.वि.एस., पशु डाक्टर | १०००। |
| ३. | पशु सहायकलाई | ५००। |
| ४. | कविराज, होमियोपेथिक, आर्युवेदिक डाक्टर | १०००। |
| ५. | सर्जिकल सामान खुद्रालाई | १०००। |
| ६. | औषधीपसल थोकलाई | ३०००। |
| ७. | सर्जिकल सामान थोक | ३०००। |
| ८. | भिडियो एक्सरे | २०००। |
| ९. | कविराज, होमियोपेथिक, आर्युवेदिक अहेब | १०००। |
| १०. | शारिरीक व्यायाम सामाग्री विक्रि | १०००। |
| ११. | कानून व्यवसाय/लेखापढी | १०००। |
| १२. | लेखापरीक्षण व्यवसाय वा फर्म | १०००। |

(ख) टेलि चलचित्र, बृत्तचित निर्माण, परामर्श सेवा, अनूसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेस, स्क्रिन प्रिन्टर्स, आदि ।

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | १ लाख देखि ३ लाखसम्म | ३००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ३. | ५ लाख १ देखि १५ लाख सम्म | १२००। |
| ४. | १५ लाख १ देखि ५० लाख सम्म | २०००। |
| ५. | ५० लाख १ देखि १ करोड सम्म | २५००। |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | ३०००। |
| ७. | ५ करोड देखि माथी | ४०००। |

(ग) केवल नेटवर्क

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | ५०० सम्म ग्राहक भएको | ३०००। |
| २. | ५०० देखि १००० सम्म ग्राहक भएको | ५०००। |
| ३. | १००० भन्दा मथि ग्राहक भएकाको हकमा | प्रति ग्राहक रु १.५। |

घ) लेखापरीक्षक

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | श्रेणी क | २०००। |
| २. | श्रेणी ख | १२००। |
| ३. | श्रेणी ग | ५००। |
| ४. | श्रेणी घ | ३००। |



CamScanner

ङ) कानून व्यवसायी

| सि.नं. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | वरिष्ठ अधिवक्ता | २०००। |
| २. | अधिवक्ता | १२००। |
| ३. | अभिवक्ता | ५००। |
| ४. | लेखापढी व्यवसाय | १०००। |

च) अन्य सेवाहरू वा फर्म

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि | सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|---|---|---|
| १. | बिमा एजेन्ट बिदेशी | ३०००। | ४. | सेयर दलाल/ब्रोकर | ३०००। |
| २. | विमा एजेन्ट स्वदेशी | २०००। | ५. | अभिकर्ता | ५००। |
| ३. | विज्ञापन ऐजेन्सी | २०००। | ६. | कानूनी फर्म | २०००। |

छ) निर्माण व्यवसाय

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | श्रेणी क | १००००। |
| २. | श्रेणी ख | ७०००। |
| ३. | श्रेणी ग (भवन निर्माणकर्ता ठेक्केदार समेत) | ५०००। |
| ४ | श्रेणी घ | ३०००। |

ज) कूटानी पिसानी व्यवसायहरूको हकमा

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि | कैफियत |
|---|---|---|---|
| १. | कुटानी तथा पिसानी मात्र | ३००। | |
| २. | कूटानी पिसानी पेलानी | ५००। | |
| ३. | कूटानी पिसानी पेलानी चियरा समेत | ८००। | |
| ४ | कुटानी पिसानी पेलानी चिउरा मसला वेसार | १२००। | |
| ५ | कूटानी पिसानी पेलानी तथा विक्रि वितरण | १५००। | |
| ६ | चीरानी हाते मेशिन (चेन स मेशिन) व्यवसायी | १०००। | |
| ७ | दर्ता प्रमाण | २५०। | |

झ) उत्पादनमुलक उद्योग

क) अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय जस्तो: खेर गईरहेको प्लास्टीकबाट सामान निमार्ण गर्ने र फोहोरबाट मल निमार्ण गर्ने व्यवसायको हकमा गाउ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ञ) पर्यटन सेवा व्यवसाय

आवास लज होटेल फास्टफूड रेष्टूरा रिसोर्ट, ट्राभल्स एजेन्सी, कन्फेन्स हल आदि

| सि.न. | विवरण | चालू आ.व. को कर | आ.व. २०८१/८२ लागि |
|---|---|---|---|
| १. | सानो ग्रामीण स्तरको चिया पसल वा ५० हजार सम्म लगानी भएको होटल | | ३००। |
| २. | ५० हजार देखी १ लाख सम्म | | १०००। |
| ३. | १ लाख देखी २ लाख सम्मको | | १५००। |

| | | | |
|---|---|---|---|
| ४. | २ लाख देखी ५ लाख सम्मको | | २०००। |
| ५ | ५ लाख देखी २० लाख सम्म | | ३०००। |
| ६ | २० लाख भन्दा बढि | | ३५००। |
| ७ | रिसोर्टहरुको हकमा | | ३०००। |
| ८ | होमस्टेहरुको हकमा | | १०००। |

ट) संचार सेवा एफ एम समेत

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | १ लाखसम्म | ८००।०० |
| २. | १ लाख देखि २ लाख ५० हजार सम्म | १२००।०० |
| ३. | २ लाख ५० हजार भन्दा माथी | १६००।०० |
| ४. | एफ.एम.रेडियो प्रसारण | २०००।०० |

मोवाईल टावर ठुलो रू १५०००। (वार्षिक) सानोको हकमा १००००।(ठूलो टावर भन्नाले घरको छतमा राखिएका टावरहरूलाई जनाउने छ भने दुई तल्लें घर सम्मको उचाई भएका जमिनमा राखिएका टावरहरूलाई समेत ठूलो टावरको रूपमा लिईने छ ।)

३.वित्तीय सेवासित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | निजी क्षेत्रद्वारा संचालित वाणिज्य बैक, विदेशी विमा कम्पनी | १०,०००। |
| २. | विकास बैंक, | ७,०००। |
| ३. | वित्तीय कारोवार गर्ने सहकारी वाहेकका संस्थाहरु | ५,०००। |
| ४. | विमा कम्पनी र मनि ट्रान्सफर | ३०००। |
| ५ | १ करोड सम्म कारोवार ( वासालत) भएका सहकारी | १०००। |
| ६ | १ करोड देखी ३ करोड सम्म ( वासालत) भएका सहकारी | २०००। |
| ७ | ३ करोड देखी ५ करोड सम्म ( वासालत) भएका सहकारी | ५०००। |
| ८ | ५ करोड भन्दा माथि ( वासालत) भएका सहकारी | १००००। |

नोटः वचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारीत सहकारीका हकमा वार्षिक शुल्क लिईने छैन । माथि उल्लेखित सहकारीहरुको सम्वन्धमा कुनै सिफारीस गर्नु पर्ने भएमा प्रति सिफारीस रु.३००।० लाग्ने छ ।

४.स्वास्थ्य सेवासित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण
गौद्ध सरकारी अस्पताल, नर्सिङ्ग होम, क्लिनिक तथा ल्यावहरु लगायत स्वास्थ्य सेवासंग सम्वन्धित व्यवसायहरु

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | ५ लाख सम्मको लागि | १०००। |
| २. | ५ लाख देखि २० लाख सम्म | २५००। |
| ३. | २० लाख देखि १ करोड सम्म | ४०००। |
| ४. | १ करोड देखि ५ करोड सम्म | ६०००। |
| ५. | ५ करोड देखि माथी | ७५००। |

५. तालिम तथा प्रशिक्षण केन्द्रहरूदर्ता तथा नवीकरण

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | तालिम तथा अनुसन्धान, कम्प्युटर टाईपिङ, लगायत फोटो कपी समेत संचालन भई काम गर्ने हरुको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्र वाट दिइने शिक्षा सेवा तथा कोचिङ सेन्टर आदि । | १०००। |

६. मर्मत सेवासित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | टेक्टर, बस, ट्रक,हेवी इक्युवमेन्ट, कार, जीप, सवारी डेन्टिङ्ग मोटर पार्टस, मिलमेशीनरी, एयरकुलर, टायर रिसोलिङ्ग, डाईनामाईट | १०००। |
| २ | मोटरसाईकल | |
| ३ | रेडियो घडि टिभी आदि ईलेकक्ट्रोनिक्स सामान | ७००। |
| ४ | ग्यासचुल्हो सेल्स,, गाडीको पम्प, टायरट्युव पन्चर, ग्यास वल्डिङ्ग, | ५००। |
| | वक्सा मर्मत गर्ने ,साइकल, रिक्सा, , लुगा सिउने मेशिन अन्य फोटोकपी, व्याग | ४००। |

७.अन्य सेवासित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण

| सि.न. | विवरण | आ.व. २०८१/८२का लागि |
|---|---|---|
| १. | वैदेशिक रोजगारीमा पठाउने संस्था हाउजिङ कम्पनी | ३,०००। |
| २. | उद्योग, संघसस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | १,०००। |
| ३. | कलर ल्याव | ५,००। |
| | घरजग्गा खरिद विक्री | ४०००। |
| ४. | विज्ञापन सेवा, फोटो स्टूडियो | १०००। |
| ५. | व्युटी पार्लर, केश श्रृगार, साईनवोर्ड, पेन्टिङ सैलुन, नर्सरी | ५,००। |
| ६. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा विक्रेता | ५,००। |
| ७. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक विक्रेता | १,०००। |
| ८. | पंचेवाजा | निशुल्क |
| ९. | वैण्ड बाजा | १०००। |
| १०. | सितभण्डार | ३,०००। |
| ११. | टेण्ड हाउस | १०००। |
| १२ | हाफ क्याटरीङ | १,०००। |
| १३ | साईवर क्याफे | १०००। |
| १४ | एग्रोभेट | ७००। |
| १५ | कवाडी पसल थोक | ३,०००। |
| १६ | कवाडी पसल खुद्रा | २,०००। |
| १७ | ढुवानी सेवा शाखा भएका | २०००। |
| १८ | ढुवानी सेवा शाखा नभएको | १२००। |
| १९ | खाना मात्र विकी होटल | १०००। |
| २० | सेटरीङ व्यवसाय | १५००। |
| २० | १ मेसिन राखी कपडा सिलाई गर्ने रु ३,००। | थप १ मेसिन बराबर रु १०० |
